कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

(सामाजिक विकास शाखा)

प.सं.: ०७५/०७६
च.नं.

फोन नं.:-०८१-५४०००९
फ्याक्स: नं.:-०८१-५४०३१८

## आर्थिक तथा प्राविधिक प्रस्ताव पेस गर्ने सम्बन्धी सूचना। । ।

सूचना प्रकाशन मितिः२०७५/९/२३

यस कोहलपुर नगरपालिकाको आ.व.२०७५/०७६ को वार्षिक बजेट, नीति तथा कार्यक्रम अनुसार सामाजिक विकास तर्फको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण र अन्य संचेतनामूलक कार्यक्रम अन्तर्गतको **श्रमिकहरुको अभिलेखिकरण तथा श्रम ऐन सम्बन्धी सचेतनामुलक कार्यक्रम** गर्नुपर्ने भएकोले इच्छुक संस्थाले सूचना जारी भएको मितिले १५ दिन भित्र कोहलपुर नगरपालिकाको सामाजिक विकास शाखामा गोप्य खामबन्दीका रुपमा प्राविधिक र आर्थिक प्रस्ताव छुट्टा छुट्टै पेस गर्नुहुन सम्बन्धित सबैमा यो सूचना जारी गरिएको छ।

### शर्त/मापदण्डहरु

१. सामाजिक चेतना तथा जागरण गर्ने/गराउने उद्देश्यका साथ दर्ता भएको संस्था हुनुपर्नेछ।
२. कोहलपुर नगरपालिकामा अनिवार्य संस्था दर्ता भएको र स्थानीय संस्था एवं श्रमिकको हकहित र अधिकार सम्बन्धी कार्यक्रम गरेको संस्थालाई प्राथमिकता दिइने छ।
३. आ.व. २०७४/०७५ को करचुक्ता प्रमाण पत्र र लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।
४. आर्थिक प्रस्ताव अधिकतम रु ५,००,०००।(पाँच लाख) भित्रको कार्यक्रम गर्ने स्पष्ट कार्य योजना पेश गर्नुपर्नेछ।
५. कोहलपुर नगरपालिकाका ऐन, नियम तथा प्रचलित नेपाल कानूनले अमान्य घोषित क्रियाकलापमा संलग्न भएको वा कुनै उजुरी परेको संस्थालाई छनौट गरिने छैन।
६. शर्त राखी पेश भएका र मापदण्ड नपुगी पेश भएका प्रस्ताव स्वीकार गरिने छैन।
७. कोहलपुर नगर कार्यपालिकाको कार्यालय वा अन्तर्गतका शाखा/उपशाखा र वडा कार्यालयहरुसँग समन्वय गरि कार्यक्रम गर्नुपर्नेछ।
८. कार्यक्रम गरि सकेपछी प्रतिवेदनका आधारमा मात्र भुक्तानी दिइने छ।
९. कार्यक्रम गर्दा अनियमितता गर्ने वा सम्झौता पालना नगर्ने संस्थालाई कालो सूचिमा राखिने छ।
१०. अन्य कुराहरु कोहलपुर नगर कार्यपालिकाको कार्यालयले तोके बमोजिम तथा प्रचलित कानून बमोजिम हुनेछ।

कर्ण बहादुर थापा
शाखा अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
(सामाजिक विकास शाखा)
कोहलपुर - बाँके